# संघीय संसद
# प्रतिनिधि सभा

पाँचौं अधिवेशन

बैठक संख्या - २३

## दैनिक कार्यसूची

२०७६ फागुन २३ गते

**शुक्रबार**

बिहान ११:०० बजे

**राष्ट्रपतिको कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को गठन सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**व्यवस्थापन कार्य**

२. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले "संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

३. मा० अर्थ एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री डा० युवराज खतिवडाले :-
   (क) "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
   (ख) "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।
   (ग) "नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टले "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६ माथि राष्ट्रियसभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**जरुरी सार्वजनिक महत्वको प्रस्ताव**

५. मा० श्री गगन कुमार थापाले "विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोनाको उच्च जोखिम भएको देशमा सुचीकृत गरेको सन्दर्भमा यससँग जुध्न सरकारले के गरेको छ, अस्पतालको अवस्था के छ भन्ने जस्ता प्रश्नहरु सरकारले सदनलाई जानकारी दिनुपर्ने भएको तथा कोरोना विरुद्ध सबै जुटी राष्ट्रिय संकल्पको साथ अगाडि बढ्नु पर्ने भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

उक्त प्रस्तावका समर्थकहरु मा० श्री सञ्जय कुमार गौतम, मा० श्री दिव्यमणि राजभण्डारी, मा० श्री राजेन्द्र कुमार के.सी. र मा० डा० नारायण खड्काले प्रस्तावको समर्थन गर्नुहुने ।

**संकल्प प्रस्ताव**

६. मा० श्री खगराज अधिकारीले "भारत सरकारले नेपालको दार्चुला जिल्लाको कुटियाङदी र लिम्पियाधुरा क्षेत्र समावेश गरी भारतको नक्सा प्रकाशित गरिसकेपछि सर्वदलीय बैठकबाट नेपालको भूभाग कसैबाट कुनै प्रकारले हडप्ने काम नहोस् भन्ने अडान कायम गरी नेपाल सरकारलाई निर्देशन गरेकोले कुटनीतिक र अन्य पहलकदमी गरी नेपालको भुभाग कायम गर्न र कालापानी क्षेत्रमा रहेका विदेशी सेना हटाउन आवश्यक भएकोले" भन्ने विषयको संकल्प प्रस्ताव प्रस्तुत गर्नुहुने ।

उक्त प्रस्तावका समर्थक मा० श्री रामकुमारी झाँक्रीले प्रस्तावको समर्थन गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव